**श्री सुन्दरहरैँचा नगरपालिका नगर कार्यपालिकाको कार्यालय,मोरङ र श्री एन.पी.निर्माण सेवा सुन्दरहरैँचा न.पा. ०४ मोरङ्ग विच भएको ठेक्का**

**सम्झौता**

श्री सुन्दरहरैँचा नगरपालिकाको कार्यालय मोरङ (यसपछी प्रथम पक्ष भनिने) र श्री गोविन्द प्रसाद ओझाको नातीनी राम प्रसाद ओझाको छोरी मोरङ जिल्ला कानेपोखरी गाउँपालिका वडा नं स्थाई घर भई हाल सुन्दरहरैँचा नगरपालिका वडा नं. ४ मा बसोवास गर्दै आएको वर्ष ४१ को म कमला ओझा (प्रो.एन.पी.निर्माण सेवा) (यसपछी दोस्रो पक्ष भनिने) विच तपसिल बमोजिमको शर्तमा रही नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री शुल्क अशुली कार्यको लागि ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयवाट प्रकाशित गरिएको मिति २०८१/०४/२२ गतेको ठेक्का नं. राजश्व १३/१००८१/८२ को सुचना बमोजिम गछिया खोलाबाट ढुङ्गा,गिटी र वालुवा उत्खनन,संकलन तथा बिक्री वितरणको लागि आ.व. ०८१/८२ का लागि रु. ४,२६,०१,०००।०० (अक्षरेपी चार करोड छब्बिसलाख एक हजार मात्र मु.अ.कर. समेत) मा मु.अ.कर. वाहेकको रकम ३,७७,०००००।० अक्षरेपी तिन करोड सतहत्तर लाख मात्रमा सूचनाको शर्त बमोजिम मु.अ.कर वाहेकको रकममा पाउने १० प्रतिशतले हुन आउने रकम रु. ३७,७०,०००।०० अक्षरेपी सैतिस लाख सत्तरी हजारमात्र घटाई हुन आउने रकम रु. ३,३९,३०,०००।०० अक्षरेपी तिन करोड उन्चालिस लाख तिस हजार र मु.अ.कर रु.४९,०१,०००।०० उन्चास लाख एक हजार गरि जम्मा ३,८८,३१,०००।०० अक्षरेपी तिन करोड अठासी लाख एकतिस हजार मात्र यस कार्यलयमा एकमुष्ठ जम्मा गरि ठेक्का सम्झौता गर्न मिति २०८१/०६/०४ मा यस कार्यालयवाट निर्णय भएको हुँदा उपर्युक्त निर्णयानुसार तपसिलका शर्त बमोजिम सुन्दरहरैँचा नगरपालिकाको तर्फबाट आय संकलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीवढी नहुने गरि मिति २०८१/०६/१४ देखी मिति २०८२/०२/३१ गते सम्म आ.व.०८१/८२ को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर बाजुर गर्ने छैन गरे यसै कागजातबाट वदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी साथ कवुलियत लेखी यस कार्यालयमा बुझाएको छु ।

तपसिलः

१. यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. ०८१/८२ का लागि ठेक्का कवोल गरेको रकम एकमुष्ठ बुझाई मिति २०८१/०६/१४ देखी मिति २०८२/०२/३१ गते सम्म लागि प्रचलित कानुनको अधिनमा रही गछिया खोलाबाट नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री शुल्क अशुली कार्यवाट आय संकलन गर्नेछु ।

२. उक्त आय संकलन गर्नका लागि नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सुचीका मालवस्तुमा सोही दरमा बिक्री मुल्य,सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गर्ने गरी नगरपालिका लाई कवोल गरको एकपुष्ठ रकम बुझाएको छु ।

३. सो आय संकलन गर्न नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क,दस्तुर इत्यादि थप गरी लिनेछैन र सुन्दरहरैँचा नगरपालिकाबाट प्रमाणित गरिदिए बाहेकका रसीदहरु प्रयोग गरि आय संकलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मञ्जुर छ ।

**नदिजन्य पदार्थहरु उत्खनन,संकलन र बिक्री वितरण गर्ने शर्तहरुः**

१. सधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन संकलन गरी घटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रमा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व ठेकेदारको हुनेछ ।

३. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन,२०७४, प्रदेश कानुन, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अंग रहनेछन ।

४. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन,संकलन तथा बिक्री वितरण कार्य चुरे,मध्यवर्ति क्षेत्र,राष्ट्रिय निकुञ्ज, सामुदायीक वन र नेपाल सरकारकले निषेध गरेको स्थानहरुवाट गर्न पाईने छैन ।

Sewa Pvt.Ltd.

५. बिक्री मुल्य वा दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

६. नेपार सरकार वा सुन्दरहरैँचा नगरपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंमले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईने छैन ।

७. शुल्क उठाउने रसीदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्ने तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणीत गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

८. बिक्री मुल्य वा शुल्क अशुल गर्नुपर्ने दर रेटको सुची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नुपर्नेछ ।

९. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. तोकएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनुपर्ने किस्ता रकम नबुझाएमा नगरपालिकाले जुनसुकै वखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपुर्तिको रकमको साथै बाँकी रकमको नियमानुसार ठेकेदारबाट नगरपालिकाले अशुल उपर गर्नेछ ।

११. सुन्दरहरैँचा नगरपालिकाले बिक्री मुल्य वा शुल्क कर असुल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहवाट कर लगाउन पाईने छैन ।

१२. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संसोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरि कार्यान्वयन गर्नुपर्नेछ ।

१३. आ.व. ०८१/८२ को लागि नदीजन्य सामग्री प्रति घनफिट बिक्री दर मा मु.अ.कर बापत १३ % थप गरी बिक्री मूल्य वा शुल्क संकलन गर्न पाईनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप परिमाण उत्खनन गर्न रोक लगाईनेछ ।

१४. उत्खनन, संकलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिमाण नगरपालिकाले जफत गरि लिलाम बिक्री गर्नेछ ।

१५. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन,संकलन तथा बिक्री गर्दा राष्ट्रिय स्तरका साथै रुपान्तरणकारी आयोजनाहरुलई विशेष प्राथमिकता दिनुपर्नेछ ।

१६. नदीवाट नदीजन्य पदार्थहरु उत्खनन गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

१७. ठेकेदारले यस सम्झौतामा उल्लेखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सोको नियमित रुपमा नगरपालिकावाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा जुनसुकै वखत ठेक्का तोड्न सक्नेछ र यसवाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुने छैन र त्यसको क्षतिपुर्ति दिईनेछैन ।

१८. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र संकलन गर्दा भौतिक,जैविक,सामाजिक,आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा,गिट्टि,वालुवा आदी संकलन तथा ढुवानी गर्नु पर्नेछ ।

१९. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदारले आफैले मर्मत गर्नुपर्नेछ । सो बापत लागेको खर्च नगरपालिकामा दाबी गर्न पाईने छैन ।

२०. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा,कुलो,बाँधमा क्षति नहुने गरी उत्खनन गर्नु पर्नेछ ।

२१. उत्खनन गर्दा पुल कल्भर्ट, सडक, तथा झोलुङगे पुलको उत्तर तर्फ पाँचसय मिटर र दक्षीण तर्फ १ कि.मी. भित्र निर्माण सामग्रीहरु उत्खनन गर्न पाईने छैन ।

२२. मुख्य मार्गवाट बोल्डर,ग्राभेल,वालुवा उत्खनन गर्ने स्थलसम्म जाने बाटो निर्माणको कार्य गर्दा निजी जगगामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।

N.P. Nirman Sewa Pvt. Ltd.

२३. ठेक्का सम्झौता भएको मितिबाट भोलिपल्ट देखी विहान ६ बजे देखी बेलुका ६ बजे सम्म मात्र उत्खनन एवं संकलन समय अवधी हुनेछ । तोकिएको समय भन्दा अन्य समयमा नदीजन्य पदार्थ उत्खनन्,संकलन तथा विक्रि गरिएको पाईएमा नगरपालिकाले त्यस्तो सामग्री उत्खनन् तथा ढुवानी गर्ने साधनलाई नियन्त्रण गरि कानुनबमोजिम कार्वाही गर्नेछ । साथै ठेक्का सम्झौता भएको मितिदेखी मिति २०८२ जेष्ठ मसान्त सम्मको अवधिमा खोला तथा नदी किनारमा अवैध रुपमा संकलन गरि राखेको नदीजन्य पदार्थ कार्यालयले जुनसुकै जफत गर्न सक्नेछ ।

२४. ठेक्का लागेका खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन गरि विक्रि शुल्क छली अन्यत्र लगि विक्रि गरेको पाएमा उक्त नदीजन्य पदार्थ जहाँसुकै लगेको भएता पनी ठेकेदारले उक्त सामग्रीको विक्री शुल्क अशुली गर्न सक्नेछ । साथै सो विक्रि शुल्क तिर्न अटेर गरेमा ठेकेदार पक्षले सम्वन्धित निकायमा वुझाई प्रचलित कानुन बमोजिम कार्वाही गर्नेछ ।

२५. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यमा एक्स्साभेटर,जेसिभि जस्ता मेसिन उपकरणको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२६. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएतापनी सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

२७. उत्खनन पश्चात काम नलाग्ने भनी छोडीएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पुर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार वदलिने गरि उत्खनन गर्न पाईनेछैन ।

२८. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पुर्ण सुरक्षा सतर्कता साथ उत्खनन तथा बिक्री प्रवन्ध मिलाउनु पर्ने छ ।

२९. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३०. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्नु पर्नेछ ।

**३१.** साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री गर्दा देहायका स्थानबाट तपशिल बमोजिमको परिमाणमा मात्र उत्खनन गर्नु पर्नेछ ।

**तपशिलः**

| क.सं. | नाकाको नाम | उत्खनन गर्न मिल्ने परिमाण (IEE प्रतिवेदनमा उल्लेख भए अनुसार ) | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | ढुङ्गा रोडा ग्रावेल (घन.मि) | गिटि (घन.मि) | वालुवा (घन.मि) | भराट तथा वलौट (घन.मि) | | |
| १ | सुकुना | १२५४.७४ | २०९१.२४ | ५०१८.९८ | ० | ८३६४.९६ | |
| २ | पुर्वाञ्चल | १६८४.६२ | ३९३०.७८ | ५६१५.४ | ० | ११२३०.८ | |
| ३ | विश्वविद्यालय १ | ६०३.४२ | २४१३.६९ | ३०१७.११ | ० | ६०३४.२२ | |
| ४ | विश्वविद्यालय २ | ५९०.५९ | २३६२.३४ | २९५२.९३ | ० | ५९०५.८६ | |
| ५ | थापागाउँ कामाटोल | ८०४.३५ | ३२१७.४ | ४०२१.७५ | ० | ८०४३.५ | |
| ६ | सिलडगे | १६३८.३६ | ४९१५.०७ | ९८३०.१४ | ० | १६३८३.५७ | |
| ७ | जय श्री तिरुपती | ५४७.२५ | २७३६.२६ | ७६६१.५४ | ० | १०९४५.०५ | |
| ८ | सिद्धकाली | ० | ३०९५.२८ | ७२२२.३२ | ० | १०३१७.६ | |
| ९ | आईतवारे | १०७५.४२ | ५३७७.०९ | १५०५५.८५ | ० | २१५०८.३६ | |
| १० | वडहरा | ० | ४७९७.८३ | ११९९४.४ | ० | १५९९२.२३ | |
| ११ | हुलाकी मार्ग | ० | ६८६.८८ | १०३०.३२ | ० | १७१७.२ | |
| १२ | लोचनी सोमवारे | ० | १३२२.६४ | ३९६७.९२ | | ५२९०.५६ | |
| | जम्मा | ८१९८.७५ | ३६९४६.५ | ७६५८८.६६ | ० | १२१७३३.९ | |

३२. माथि उल्लेखित नदीजन्य पदार्थको बिक्री शुल्कको दर तपशिल बमोजिम रहेको छ । (कोशी प्रदेश कानुन अनुसार)

**तपशिलः**

| क्र.स. | विवरण | विक्रि दर (मु.अ.क. सहित) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ईकाई | दर | मु.अ.क. | जम्मा | |
| १. | ढुङ्गा,गिटि,ग्राभेल,रोडा | प्रति क्युव फिट | ८ | १.०४ | ९.०४ | |
| २. | वालुवा चिप्स | | ७ | ०.९१ | ७.९१ | |
| ३. | माटो,भरौट | | ४.५ | ०.५८५ | ५.०८५ | |

३३. यसमा उल्लेख भएका शर्तहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**ठेकेदारको तर्फबाटः**

सहीः

नामःश्री प्रसान्त दंगाल

प्रतिनिधी

श्री एन.पी.निर्माण सेवा

सुन्दरहरैँचा न.पा. ४ मोरङ ।

मितिः२०८१/०६/१३

**कार्यालयको तर्फबाटः**

सहीः

नामःश्री विनोद कुमार न्यौपाने

पदः प्र.प्र.अ.

सुन्दरहरैँचा नगरपालिकाको कार्यालय,मोरङ

मितिः२०८१/०६/१३

**श्री सुन्दरहरैंचा नगरपालिका नगर कार्यपालिकाको कार्यालय,मोरङ र श्री एन.पी.निर्माण सेवा सुन्दरहरैंचा न.पा. ०४ मोरङ विच भएको ठेक्का**

**सम्झौता**

श्री सुन्दरहरैंचा नगरपालिकाको कार्यालय मोरङ (यसपछी प्रथम पक्ष भनिने) र श्री गोविन्द प्रसाद ओझाको नातीनी राम प्रसाद ओझाको छोरी मोरङ जिल्ला कानेपोखरी गाउँपालिका वडा नं स्थाई घर भई हाल सुन्दरहरैंचा नगरपालिका वडा नं. ४ मा बसोवास गर्दै आएको वर्ष ४१ को म कमला ओझा (प्रो.एन.पी.निर्माण सेवा) (यसपछी दोस्रो पक्ष भनिने) विच तपसिल बमोजिमको शर्तमा रही नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री शुल्क अशुली कार्यको लागि ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयवाट प्रकाशित गरिएको मिति २०८१/०४/२२ गतेको ठेक्का नं. राजश्व १२/१००८१/८२ को सुचना बमोजिम वुढी खोलाबाट ढुङ्गा,गिटी र वालुवा उत्खनन,संकलन तथा बिक्री वितरणको लागि आ.व. ०८१/८२ का लागि रु. ७३,४५,०००।०० (अक्षरेपी त्रिहत्तर लाख पैतालिस हजार मात्र मु.अ.कर. समेत) मा मु.अ.कर. वाहेकको रकम ६५,००,०००।० अक्षरेपी पैंसट्ठी लाख मात्रमा सूचनाको शर्त बमोजिम मु.अ.कर वाहेको रकममा पाउने १० प्रतिशतले हुन आउने रकम रु. ६,५०,०००।०० अक्षरेपी छलाख पचास हजारमात्र घटाई हुन आउने रकम रु. ५८,५०,०००।०० अक्षरेपी अन्ठाउन्न लाख पचास हजार र मु.अ.कर रु. ८,४५,०००।०० अक्षरेपी आठलाख पैतालिस हजार गरि जम्मा ६६,९५,०००।०० अक्षरेपी छैसठ्ठी लाख पन्चानब्बे हजार मात्र यस कार्यलयमा एकमुष्ठ जम्मा गरि ठेक्का सम्झौता गर्न मिति २०८१/०६/०४ मा यस कार्यालयवाट निर्णय भएको हुँदा उपर्युक्त निर्णयानुसार तपसिलका शर्त बमोजिम सुन्दरहरैंचा नगरपालिकाको तर्फबाट आय संकलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीवढी नहुने गरी मिति २०८१/०६/१४ देखी मिति २०८२/०२/३१ गते सम्म आ.व.०८१/८२ को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर बाजुर गर्ने छैन गरे यसै कागजातबाट वदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी साथ कवुलियत लेखी यस कार्यालयमा बुझाएको छु ।

**तपसिलः**

१. यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. ०८१/८२ का लागि ठेक्का कवोल गरेको रकम एकमुष्ठ बुझाई मिति २०८१/०६/१४ देखी मिति २०८२/०२/३१ गते सम्म लागि प्रचलित कानुनको अधिनमा रही गछिया खोलाबाट नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री शुल्क अशुली कार्यवाट आय संकलन गर्नेछु ।

२. उक्त आय संकलन गर्नका लागि नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सुचीका मालवस्तुमा सोही दरमा बिक्री मुल्य,सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गर्ने गरी नगरपालिका लाई कवोल गरको एकपुष्ठ रकम बुझाएको छु ।

३. सो आय संकलन गर्न नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेबाशुल्क,दस्तुर इत्यादि थप गरी लिनेछैन र सुन्दरहरैंचा नगरपालिकाबाट प्रमाणित गरिदिए बाहेकका रसीदहरु प्रयोग गरि आय संकलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मञ्जुर छ ।

**नदिजन्य पदार्थहरु उत्खनन,संकलन र बिक्री वितरण गर्ने शर्तहरुः**

१. सधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

N.P. Nirman Sewa Pvt. Ltd. Sundarharaincha-4, Morang

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन संकलन गरी घटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्ने दायित्व ठेकेदारको हुनेछ।

३. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन,२०७४, प्रदेश कानुन, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अंग रहनेछन।

४. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन,संकलन तथा बिक्री वितरण कार्य चुरे,मध्यवर्ति क्षेत्र,राष्ट्रिय निकुञ्ज, सामुदायीक वन र नेपाल सरकारकले निषेध गरेको स्थानहरुवाट गर्न पाईने छैन।

५. बिक्री मुल्य वा दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन।

६. नेपार सरकार वा सुन्दरहरैँचा नगरपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंमले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ। सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईने छैन।

७. शुल्क उठाउने रसीदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्ने तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणीत गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ।

८. बिक्री मुल्य वा शुल्क अशुल गर्नुपर्ने दर रेटको सुची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नुपर्नेछ।

९. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ।

१०. तोकएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनुपर्ने किस्ता रकम नबुझाएमा नगरपालिकाले जुनसुकै वखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपुर्तिको रकमको साथै बाँकी रकमको नियमानुसार ठेकेदारबाट नगरपालिकाले अशुल उपर गर्नेछ।

११. सुन्दरहरैँचा नगरपालिकाले बिक्री मुल्य वा शुल्क कर असुल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहवाट कर लगाउन पाईने छैन।

१२. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संसोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरि कार्यान्वयन गर्नुपर्नेछ।

१३. आ.व. ०८१/८२ को लागि नदीजन्य सामग्री प्रति घनफिट बिक्री दर मा मु.अ.कर बापत १३ % थप गरी बिक्री मूल्य वा शुल्क संकलन गर्न पाईनेछ। साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप परिमाण उत्खनन गर्न रोक लगाईनेछ।

१४. उत्खनन, संकलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ। शुन्य गर्ने नसकेको परिमाण नगरपालिकाले जफत गरि लिलाम बिक्री गर्नेछ।

१५. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन,संकलन तथा बिक्री गर्दा राष्ट्रिय स्तरका साथै रुपान्तरणकारी आयोजनाहरुलई विशेष प्राथमिकता दिनुपर्नेछ।

१६. नदीवाट नदीजन्य पदार्थहरु उत्खनन गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन।

N.P. Nirman Sewa Pvt.Ltd. Morang

तोड्न सक्नेछ र यसवाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुने छैन र त्यसको क्षतिपुर्ति दिईनेछैन ।

१८. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र संकलन गर्दा भौतिक,जैविक,सामाजिक,आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा,गिट्टि,वालुवा आदी संकलन तथा ढुवानी गर्नु पर्नेछ ।

१९. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदारले आफैले मर्मत गर्नुपर्नेछ । सो बापत लागेको खर्च नगरपालिकामा दाबी गर्न पाईने छैन ।

२०. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा,कुलो,बाँधमा क्षति नहुने गरी उत्खनन गर्नु पर्नेछ ।

२१. उत्खनन गर्दा पुल कल्भर्ट, सडक, तथा झोलुङ्गे पुलको माथ उत्तर तर्फ पाँचसय मिटर र दक्षीण तर्फ १ कि.मी. भित्र निर्माण सामग्रीहरु उत्खनन गर्न पाईने छैन ।

२२. मुख्य मार्गवाट बोल्डर,ग्राभेल,वालुवा उत्खनन गर्ने स्थलसम्म जाने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।

२३. ठेक्का सम्झौता भएको मितिबाट भोलिपल्ट देखी विहान ६ बजे देखी बेलुका ६ बजे सम्म मात्र उत्खनन एवं संकलन समय अवधी हुनेछ । तोकिएको समय भन्दा अन्य समयमा नदीजन्य पदार्थ उत्खनन्,संकलन तथा विक्रि गरिएको पाईएमा नगरपालिकाले त्यस्तो सामग्री उत्खनन् तथा ढुवानी गर्ने साधनलाई नियन्त्रण गरि कानुनबमोजिम कार्वाही गर्नेछ । साथै ठेक्का सम्झौता भएको मितिदेखी मिति २०८२ जेष्ठ मसान्त सम्मको अवधिमा खोला तथा नदी किनारमा अवैध रुपमा संकलन गरि राखेको नदीजन्य पदार्थ कार्यालयले जुनसुकै जफत गर्न सक्नेछ ।

२४. ठेक्का लागेका खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन गरि विक्रि शुल्क छली अन्यत्र लगि विक्रि गरेको पाएमा उक्त नदीजन्य पदार्थ जहाँसुकै लगेको भएता पनी ठेकेदारले उक्त सामग्रीको विक्री शुल्क अशुली गर्न सक्नेछ । साथै सो विक्रि शुल्क तिर्न अटेर गरेमा ठेकेदार पक्षले सम्वन्धित निकायमा वुझाई प्रचलित कानुन बमोजिम कार्वाही गर्नेछ ।

२५. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यमा एक्स्साभेटर,जेसिभि जस्ता मेसिन उपकरणको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२६. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएतापनी सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

२७. उत्खनन पश्चात काम नलाग्ने भनी छोडीएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पुर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार वदलिने गरि उत्खनन गर्न पाईनेछैन ।

२८. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पुर्ण सुरक्षा सतर्कता साथ उत्खनन तथा बिक्री प्रवन्ध मिलाउनु पर्ने छ ।

२९. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३०. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्नु पर्नेछ ।

२९. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३०. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्नु पर्नेछ ।

साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री गर्दा देहायका स्थानबाट तपशिल मोजिमको परिमाणमा मात्र उत्खनन गर्नु पर्नेछ ।

**तपशिलः**

| क्र.सं. | नाकाको नाम | उत्खनन गर्न मिल्ने परिमाण (IEE प्रतिवेदनमा उल्लेख भए अनुसार) | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | ढुङ्गा रोडा ग्रावेल (घन.मि) | गिटि (घन.मि) | वालुवा (घन.मि) | भरौट तथा बलौट (घन.मि) | | |
| १ | खोक्सी नाका | १७७९.९५ | २९६६.५९ | ११८६.६४ | ० | ५९३३.१८ | |
| २ | त्रिवेणी नाका | ८२३.१६ | २४६९.४९ | ४९३८.९८ | | ८२३१.६३ | |
| ३ | चरिगुवा नाका | ० | ० | २४७९.५१ | ७४३८.५२ | ९९१८.०३ | |
| ४ | चरिगुवा १ नाका | ० | ० | १३५०.७६ | ५४०३.०२ | ६७५३.७८ | |
| जम्मा | | २६०३.११ | ५४३६.०८ | ९९५५.८९ | १२८४२ | ३०८३६.६२ | |

३१. माथि उल्लेखित नदीजन्य पदार्थको बिक्री शुल्कको दर तपशिल बमोजिम रहेको छ । (कोशी प्रदेश कानुन अनुसार)

**तपशिलः**

| क्र.स. | विवरण | विक्रि दर (मु.अ.क. सहित) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ईकाई | दर | मु.अ.क. | जम्मा | |
| १. | ढुङ्गा,गिटि,ग्राभेल,रोडा | प्रति क्युव फिट | ८ | १.०४ | ९.०४ | |
| २. | वालुवा चिप्स | | ७ | ०.९१ | ७.९१ | |
| ३. | माटो,भरौट | | ४.५ | ०.५८५ | ५.०८५ | |

३२. यसमा उल्लेख भएका शर्तहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**ठेकेदारको तर्फबाटः**

सहीः

नामःश्री प्रसान्त दंगाल

प्रतिनिधी

श्री एन.पी.निर्माण सेवा

सुन्दरहरैंचा न.पा. ४ मोरङ।

मितिः२०८१/०६/१३

**कार्यालयको तर्फबाटः**

सहीः

नामःश्री विनोद कुमार न्यौपाने

पदःप्र.प्र.अ.

सुन्दरहरैँचा नगरपालिकाको कार्यालय,मोरङ

मितिः२०८१/०६/१३